निस्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :९ संख्या-६ मिति : २०८२/१०/२७

## भाग-२

निस्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मित्याल, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

# अनुगमन तथा मूल्याङ्कन कार्यविधि २०८२

## प्रारम्भिक

निस्दी गाउँपालिका भित्र गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन नियमित, व्यवस्थित र प्रभावकारी तुल्याउन कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२,५ ) ले दिएको अधिकार प्रयोग गरी निस्दी गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम **अनुगमन तथा मूल्याङ्कन कार्यविधि** २०८२ रहनेछ ।

ख) यो कार्यविधि निस्दी गाउँपालिकाको गाउँ कार्यपालिका बैठकले स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरेपछि कार्यान्वयनमा आउने छ ।

## परिच्छेद २

## अनुगमन तथा मूल्याङ्कन क्षेत्र

### २.१. अनुगमन तथा मूल्याङ्कन क्षेत्र

(क) निस्दी गाउँपालिकाको कार्यालय र सो अन्तर्गत विभिन्न विषयगत शाखा, वडा कार्यालयहरुबाट सम्पादन गरेका कार्यहरु,

(ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी निकायहरुबाट सम्पादन भएका कार्यहरु ।

## २.२ अनुगमन तथा मूल्याङ्कन विधि

(क) सूचकहरुको पहिचान र तयारी

(ख) सूचकहरु तथा प्रतिवेदनहरुको विश्लेषण

(ग) स्थलगत भ्रमण र अध्ययन

(घ) टेलिफोन सम्पर्क

(ङ) औपचारिक/ अनौपचारिक भेटघाट

(च) कार्यदल गठन

(छ) गोष्ठी सञ्चालन तथा अन्तरक्रिया

(ज) अन्तरवर्ता तथा प्रश्नावली फारम

(झ) प्रतिवेदन तयारी

(ञ) अनुगमन तथा मूल्याङ्कन अन्तर्गत विभिन्न चरणका कार्यहरु

## २.३ अनुगमन सम्बन्धी चरणहरु

**प्रथम चरण**

(क) अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक बजेट विनियोजन गर्ने

(ख) अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना तयार गर्ने

(ग) आवश्यक अनुगमन तथा मूल्याङ्कनका सूचकहरु सहित फारमहरु तयार गर्ने ।

**दोस्रो चरण**

(क) सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुको स्थलगत अनुगमन गरी आवश्यक सूचना र जानकारीहरु संकलन गरी प्रतिवेदन तयार गर्ने,

(ख) नियमित अनुगमन तथा मूल्याङ्कन गरी चौमासिक रुपमा कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने र प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यन्वयनका लागि आवश्यक निर्देशन दिने ।

## २.४ अनुगमन तथा मूल्याङ्कन समिति

सञ्चालित योजना तथा कार्यक्रमहरुको लागत, परिमाण, समयसीमा र गुणस्तरियताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्नानुसार अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्नेछ ।

(क) गाउँपालिका उपाध्यक्ष -संयोजक

(ख) अध्यक्षले तोकेका एक जना महिला सहित कार्यपालिका सदस्यहरु मध्येबाट दुई जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) प्रमुख, योजना शाखा –सदस्य सचिव

(समितिले आवश्यक ठानेमा आवश्यकता अनुसार सदस्य थप गर्न सक्नेछ । )

२.४.१ अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः-

आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए, नभएको यकिन गर्ने र नगरेको पाईएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुगमान, सुपरीवक्षण र मूल्याङ्कन गर्नु पर्नेमा सो अनुरुप गरे नगरेको विषयमा अनुगमन गरि आवश्यक निर्देशन दिने,

(घ) निर्धारित गुणस्तर अनुसार काम भए वा नभएको सम्बन्धमा आवश्यक सुपरीवेक्षण गर्ने,

(ङ) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयनको प्रगति भए वा नभएको सम्बन्धमा आवश्यक अनुगमन गर्ने,

(च) कुनै योजना वा कार्यक्रमको बजेट नामाकरण, बजेट शिर्षक बजेट रकमान्तर गरी संशोधन गर्नु पर्ने भएमा अनुगमन गरी बैठकमा सिफारिस गर्ने,

(छ) विषयगत शाखा र अन्य क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने,

(ज) गैरसरकारी सञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(झ) समितिले आवश्यक ठानेमा अन्य योजना तथा कार्यक्रमरु नियमितरुपमा अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ञ) समितिले समय समयमा गरेको अनुगमन तथा सुपरीवेक्षण गरी सो को चौमासिक र वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने । आदि ।

## आचारसंहिता

(क) अनुगमन गर्ने व्यक्ति तथा पदाधिकारीहरुले राजनैतिक पूर्वाग्रह राखी काम गरेको देखिन नहुने

(ख) अनुगमन गर्दा देखिएको वस्तुगत यथार्थलाई प्रतिवेदनमा समेटेको हुनु पर्ने

(ग)अनुगमनमा प्रतिवेदन व्यक्ति विशेष केन्द्रित नभई संस्थागत विषय सवालमा केन्द्रित हुनु पर्ने

(घ) समग्रमा अनुगमन प्रतिवेदन सुधार र पृष्ठ पोषणको लागि हुनु पर्ने

## योजना स्थालमा गरिने अनुगमन विधि

अनुगमनमा देहाय बमोजिम अनुगमन विधिहरु अवलम्बन गरिनु पर्दछ ।

- योजना र कार्यक्रमको निरीक्षण/ अवलोकन
- योजना सञ्चालनमा संलग्न प्राविधिकरुसँग प्रश्नोत्तर
- उपभोक्ता समितिका पदाधिकारी र सर्वधारण जनतासँग अन्तरवार्ता र छलफल
- जानकारी विवरण र तथ्याङ्क टिपोट
- अनुगमन पश्चात गर्नु पर्ने कार्यहरु

अनुगमन उपसमितिले आफ्नो प्रारम्भिक प्रतिवेदन सम्बन्धित निकायको उपयुक्त बैठकमा प्रस्तुत गरी आवश्यक छलफलबाट प्राप्त सुझाव तथा निष्कर्ष समावेश गरी स्थानीय सञ्चार माध्यममा सर्वसाधारणको जानकारीको लागि प्रचार प्रसार गर्ने ।

# अनुसूचि १

## अनुगमन तथा सुपरीवेक्षण समिति

## अनुगमन फाराम

| क्र. सं. | वडा नं. | आयोजना/ कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजित बजेट रकम | कार्यान्वयन प्रकृया( ठेक्का वा उ.स.) | आयोजना सूचना पाटी | हालसम्मको प्रगति | हालको अवस्था | सुझावहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची २

निस्दी गाउँपालिका

गैससहरुको कार्यक्रम अनुगमन जाँच सूची

कार्यक्रम सञ्चालन गर्ने संस्थाको नामः

संस्थाको ठेगानाः.................................... अनुगमन मितिः

| सि.नं | सुचकहरु | विवरण | कैफियत |
|---|---|---|---|
| क | **संस्था सम्बन्धी विवरण** | | |
| | संस्था नवीकरण | | |
| | संस्था प्रमुखको नाम | | |
| | सञ्चालन गरेको परियोजना | | |
| | कर्मचारी संख्या | | |
| | अनुगमन गरिने कार्यक्रमको नाम | | |
| | कार्यक्रमको बजेट | | |
| | सहयोग गर्ने निकाय | | |
| | कार्यक्रम शुरु भएको मिति | | |
| | कार्यक्रम सम्पन्न गरी सक्नु पर्ने मिति | | |
| | भौतिक लक्ष्य | | |
| ख | **कार्यक्रम कार्यान्वयन प्रकृया** | | |
| | कार्यक्रम मागमा आधारित | | |

| | | | |
|---|---|---|---|
| | गाउँ/नगर/जिल्ला परिषदबाट स्वीकृत | | |
| | जिल्ला समन्वय समिति | | |
| | संस्थाले गरेका मुख्य लगानीहरु | | |
| | १ | | |
| | २ | | |
| | कार्यक्रम प्रति लक्षित समूहको धारणा | | |
| | पारदर्शिता/ सामाजिक लेखा परीक्षण | | |
| | कार्यतालिका अनुसार कार्यान्वयन | | |
| | कार्यक्रमबाट लाभ प्राप्त | | |
| | लाभान्वितहरुको समूह / सदस्य संख्या | | |
| ग | **कार्यक्रमबाट लाभ पाउने संख्या** | | |
| | दलित | | |
| | जनजाति | | |
| | पिछाडिएको वर्ग | | |
| | मुस्लिम | | |
| | अन्य | | |

| क्र.सं. | कार्यक्रमबाट सम्बन्धित स्थलगत अनुगमनमा देखिएका सुधार गर्नु पर्ने पक्षहरु | विवरण | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

| क्र.सं. | अनुगमनमा संलग्न व्यक्तिहरुको नाम/ठेगाना | हस्ताक्षर | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

नोटः प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै अनुगमन गरी यस ढाचामा प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**

पूर्ण बहादुर चितौरे

प्रमुख प्रशासकीय अधिकृत